# स्वावलम्बन
Self-reliance

शहरी गरीवहरूको लागि समाज (सुप) द्वारा प्रकाशित

1992 SOUP

वर्ष १३ अंक १८ वि.सं. २०७१ भाद्र/ने.सं. ११३४/ई.सं. : २०१४


## सुप सहयोगी सदस्य परिचय



शीलु प्रधान

म शीलु प्रधान लगन गोफलको नःबहालमा हुर्केर ज्यावहाल टोलमा विवाह भएको र हाल सानेपामा बसो बास गर्दै आएको छु। मेरो बाल सखा गुजेश्वरी श्रेष्ठले नै मलाई शहरी गरीवहरूको लागि समाज (सुप) को परिचय गराएको हो । सानैदेखिको साथी भएको हुँदा गुजेश्वरीको घरमा जाने आउने थियो नै, हामी दुबै युथ कर्नर क्लबको शिक्षा उप-समितिमा बसी वि.सं.२०३७ सालदेखि नै बालबालिकाहरूको गृहकार्य गराउने स्कूल सहयोगी कक्षामा सहयोगीको रूपमा क्लबको सामाजिक कार्यमा आवद्ध भएको थिएँ। तर समय र परिस्थितिले गर्दा प्रत्यक्ष रूपमा सामाजिक कार्यमा समय दिन नसकेपनि "सुप"ले सहयोगी सदस्य बनाई काम गरिरहेको कुरा सुनेपछि मलाई खुसी लाग्यो र म तुरुन्तै सहयोगी सदस्य बने । वि.सं.२०६३ सालबाट सहयोगी सदस्यको रूपमा "सुप"लाई सहयोग गर्न पाउनु मेरो लागि गौरवको कुरा हो। म "सुप"ले गर्दै आएको काम प्रति सन्तुष्ट छु र सहयोगी सदस्य भई निरन्तरता दिई नै रहने छु। यस संस्थाले मलाई सहयोग गर्ने अवसर दिनु भएकोमा हार्दिक धन्यवादका साथै २२ औं साधारण सभाको शुभ-कामना व्यक्त गर्न चाहन्छु र "सुप" कार्य समिति परिवार लाई धन्यवाद दिन चाहन्छु। धन्यबाद।



बागिश्वरी श्रेष्ठ

म यस शहरी गरीवहरूको लागि समाज (सुप) को आयोजनामा वि.सं. २०५१ सालमा संचालित अनौपचारिक प्रौढकक्षा सहयोगीकालागि संचालित तालिममा सहभागि भएबाट यस संस्थासंग परि चित भएकी हुँ। आफ्नो S.L.C परीक्षा सकाएर घरमा बसिरहेको समयमा घरमा त्यसै नबस्नु सामाजिक क्षेत्रमा लागेर केही गर्नुपर्छ भनेर छिमेकी दिदीहरू जयश्वरी र गुजेश्वरीले भन्नु भएपछि मलाई हौसला बढ्यो र म आफ्नै टोलको युथ कर्नर क्लबमा आवद्ध भई "सुप"द्वारा संचालित प्रौढकक्षामा सहयोगीको भूमिका सफलतापूर्वक निभाएँ। त्यसै समयदेखि अर्थात् करीव २० वर्षदेखि नै मेरो सम्बन्ध "सुप"मा भयो र "सुप"ले गर्दै आएको कामहरूको जानकारी पनि पाउँदै गएँ।

यस संस्थाले महिलाहरूको आर्थिक उत्थानकालागि बचत मार्फत् आय आर्जन कार्यक्रमहरू, जैवक कृषि तालिम, घरेलु फोहरमैला ब्यवस्थापन कार्यक्रम, छात्रवृत्रि कार्यक्रम जस्ता सह्रानिय काम गर्दै आएकोले सो कार्यबाट प्रभावित भई म सहयोगी सदस्यको रूपमा विगत ६ वर्षबाट सानो सहयोग प्रदान गरिरहेको छु । अन्तमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै यस सस्थाले गर्दै आएको स्वाबलम्बन कार्यमा सफलता मिलोस् यही शुभकामना भन्दै आफ्नो भावना व्यक्त गर्ने अवसर दिनु भएकोमा हार्दिक धन्यवाद।

## हार्दिक धन्यवाद "सुप" भवन निर्माणका सहयोगी संस्था र सुप सहयोगी सदस्यहरूलाई !



वि.सं. २०६३ सालको कुरा हो ०-४-२-० क्षेत्रफल भएको जग्गा मदन महर्जनको नामबाट शहरी गरीवहरूको लागि समाज (सुप) को नाममा पास गरी किन्ने मौका सफल गर्न सकेको दिन हो। चलेको मोलबाट ठूलो रकम सहुलियत दिई सामाजिक संस्थाको लागि सहयोग गर्नु पनि ठूलो नै मन मान्नु पर्दछ। "सुप"को १२ वर्ष अघिको सपना हो आफ्नै भवन निर्माण गर्ने र संस्थालाई निरन्तरता दिने। वि.सं.२०६३ जेष्ठ १४ गते जग्गा प्राप्ति संगसंगै कुलेश्वर निवासी स्व.केशव गोविन्द र गणेश कुमारी अमात्यज्यूले रु. ५,५०,०००।- (अक्षेरुपी रु पाँचलाख पचासहजार) भवन निमार्णकालागि सहयोग गर्ने प्रतिवद्धताले "सुप"को सदस्यहरूलाई भवन बनाउन हौसायो र वि.सं.२०६६ भाद्र २० गते "सुप"को १७ औं वार्षिक साधारण सभाको शुरुवाट नै "सुप" भवन शिलान्यास कार्यक्रमबाट शुरु भयो। शिलान्यास भएको दिनमा शुभ चिन्तक र सहयोगी सदस्यहरू मार्फत किस्तावन्दीमा चन्दा दिने प्रतिवद्धता प्राप्त भयो र भवन

..... बाँकी ७ पेजमा

# छात्रवृत्ति कार्यक्रम



"सुप" संस्थाको आफ्नो कार्यक्षेत्रको समुदायमा रहेका र त्यसभन्दा बाहिरका पढ्नमा जेहेन्दार तथा घरको आर्थिक अवस्थाले पढ्नमा वञ्चित भएका विद्यार्थीहरुलाई निरन्तर रूपमा छात्रवृत्ति प्रदान गरिदै आएकोछ। गतवर्ष काठमाडौं, कीर्तिपुर, ललितपुर र हेटौंडामा गरी जम्मा ११५ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएको मध्ये १० जना विद्याथीहरू एस.एल.सी. परीक्षामा सम्मिलित भएका थिए जसमध्ये ६ जना पहिलो श्रेणीमा, २ जना दोस्रो श्रेणीमा उर्त्तिण भएका छन् भने २ जना पुनः परीक्षामा सम्मिलित भएका छन् । उत्तिर्ण भएका छात्रछात्राहरुलाई "सुप"को वार्षिक साधारण सभाका दिन सम्मान तथा पुरस्कार वितरण गर्ने गरिएको छ।

यस वर्ष पनि पुरानो र नयाँ विद्यार्थीहरू गरी ११७ जना विद्यार्थीहरुलाई छात्रवृत्ति दिई छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइएको छ। ११७ जना विद्यार्थीहरु विभिन्न १९ वटा विद्यालयमा अध्ययनरत छन्।

जस मध्ये ३४ जना विद्यार्थीहरु का.म.न.पा.वडा नं. २१, गोफल स्थित युथ कर्नर क्लबसंग सहकार्य गरि छात्रवृत्ति प्रदान गरिएको छ भने ६ जना विद्यार्थीहरूको लागि भ्याइस अफ चिल्ड्रन नामक संस्थासंग सहकार्य गरि छात्रवृत्ति प्रदान गरिएको छ।

"सुप" संस्थाद्वारा सञ्चालित यस छात्रवृत्तिको लागि सुप सहयोगी सदस्यहरू (नेपाली तथा विदेशी नागरिक), CORE International तथा Scandinavian Help बाट सहयोग प्राप्त भएको छ।

## "सुप" संस्थाद्वारा प्रदान गरिदै आएको छात्रवृत्ति कार्यक्रम अन्तर्गत २०७० सालको (S.L.C) प्रवेशिका परीक्षामा उत्तिर्ण हुनुभएका छात्र-छात्राहरूलाई

# हार्दिक बधाई



पुजा महर्जन
प्रथम श्रेणी,
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य- स्यान्डिनाभियन हेल्प डेनमाक)



अफ्रोज सिद्धिकी
प्रथम श्रेणी,
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य- Angela Griz)



श्रेया डंगोल
द्वितीय श्रेणी,
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य- स्यान्डिनाभियन हेल्प डेनमाक)



मनिष सावा
द्वितीय श्रेणी,
परोपकार मा.वि., कालिमाटी
(सहयोगी सदस्य- CORE International)



सदिक्षा लामा
प्रथम श्रेणी,
ज्ञानोदय मा.वि., कालिमाटी, काठमाडौं
(सहयोगी सदस्य- Klaus Weber)



सुलोचना नगरकोटी
प्रथम श्रेणी,
ज्ञानोदय मा.वि., कालिमाटी, काठमाडौं
(सहयोगी सदस्य-Cornelia Richter)



सरस्वती घले
प्रथम श्रेणी,
श्री प्रगति मा.वि., हेटौडा
(सहयोगी सदस्य- मञ्जु सिं राणा)



जिवन खुलाल
प्रथम श्रेणी,
श्री जनक मा.वि., हेटौंडा
(सहयोगी सदस्य-सुधा श्रेष्ठ)

# पढ्न पाउनु पर्ने बाल अधिकारका लागि बालशिक्षा गृह



कोर इन्टरनेशनलको सहयोगमा वि.सं. २०६४ साल देखि "सुप" संस्थाद्वारा बालशिक्षा गृह सञ्चालन भइरहेको छ। जसमा आर्थिक रुपले विपन्न वर्ग र पारिवारिक समस्या तथा विभिन्न कारणबाट विद्यालय जान नपाएका बालबालिकाहरुलाई समेटिएको छ।

पढ्न पाउनु पर्ने बालबालिकाहरुको नैसर्गिक अधिकारलाई मध्ये नजर गरि हाल "सुप" संस्थाद्वारा तीनवटा बालशिक्षा गृह सञ्चालन गर्दै आएको छ। जस मध्ये कालिमाटीमा २०६४ सालदेखि, जडिबुडिमा २०७० सालदेखि र हाल वंशिघाटमा यसवर्ष २०७१ सालदेखि संचालन भइरहेको छ। यस बालशिक्षा गृहमा बिहान १०:०० बजे देखि ३:०० बजेसम्म बालबालिकाहरुलाई स्कूल तयारी कक्षाका साथसाथै व्यवहारिक शिक्षा प्रदान गरिन्छ। जसमा बालबालिकाहरुलाई मनोञ्जनका लागि विभिन्न कार्यक्रमका साथै स्वास्थ्य परिक्षण, ऐतिहासिक स्थल भ्रमण, खेलकूद, अभिभावकहरुसंग बैठकका साथै अन्य संस्थाबाट सञ्चालन गरि एका बाल कक्षा अवलोकन पनि गराइन्छ। त्यस्तै चित्रकला र सरसफाई कार्यक्रमहरु पनि सञ्चालन गर्दै आएको छ।

यस वर्ष उक्त बालशिक्षा गृहबाट जम्मा ६७ जना बालबालिकाहरुलाई सरकारी विद्यालयमा भर्ना गरि उनीहरुको पढाईलाई निरन्तरता दिइएको छ भने हालसम्म जम्मा १३ जना विद्यार्थीहरुले S.L.C. उत्तिर्ण गरिसकेका छन्।

वि.सं. २०७१ सालमा कालिमाटीस्थित बालशिक्षा गृहमा २० जना, जडिबुडीमा ३३ जना र वंशिघाटमा २० जना गरि जम्मा ७३ बालबालिकाहरु विद्यालय तयारी कक्षामा संलग्न छन्। तीन वटा बालशिक्षामा गरि हालसम्म जम्मा ३६५ जना बालबालिकाहरुलाई पढ्न पाउनु पर्ने बाल अधिकार दिलाइएको छ। जसले गर्दा एकातिर बालबालिकाहरुको आमाबाबुलाई आफ्नो काम गर्न सजिलो हुनुको साथै बालबालिकाहरुले पढ्न पाउनु पर्छ भन्ने बालअधिकारबाट बञ्चित हुनु परेको छैन भने अर्को तिर बालबालिकाहरू कुलत तथा अन्य कुसंगतबाट सुरक्षित भएका छन्।









# जागरण बचत तथा ऋण समूह



सुप संस्थाबाट लक्षित समुदायका महिलाहरुलाई संगठित गरी उनीहरुको व्यक्तिगत तथा सामुदायिक परिवर्तनका लागि सक्षम बनाई आर्थिक स्तर उकास्न मद्दत पुऱ्याउँदै जाने उद्देश्य अनुरुप कालिमाटी तरकारी बजारदेखि टेकू, कुलेश्वर, बल्खु हुँदै घोविघाटसम्म बसोबास गर्दै आएका सडक व्यापारी महिलाहरु, न्यून आय भएका घरेलु श्रमिक महिला, कवाडीमा काम गर्ने, पुनः प्रयोगिय सामान संकलनमा काम गर्ने तथा ज्यालादारी श्रमिक महिलाहरुलाई बचत तथा ऋण कार्यक्रम मार्फत समूहमा आवद्ध गरि दैनिक रुपमा बचत गराउने र चाहेको बेला न्यूनतम व्याजमा ऋण उपलब्ध गराई गर्दै आईरहेको कामलाई ठूलो बनाउने उद्देश्यले जागरण बचत तथा ऋण नामाकरण गरि बचत समूह स्थापन गरिएको छ।

२०६३ साल फागुन महिनामा ९ जना सदस्यहरुबाट शुरुवात भएको जागरण समूहमा हाल जम्मा २४९ जना सदस्य संख्या पुग्न सफल भएको छ। यस जागरण बचत तथा ऋण समूहमा



शुरुमा हप्ताको रु.२०।- रुपैया जम्मा गर्दै हाल दैनिक रु.५०।- देखि रु.१००।- जम्मा गर्ने क्रियाकलाप भई २०७१ साल असार मसान्तसम्म जम्मा रु.१९,०९,०९०।- बचत संकलन गर्न सफल भएका छन्। त्यस्तै ऋणमा रु.१३,१५,९१८।- लगानी गरेका छन्।

समूहमा दैनिक रुपमा बचत तथा ऋणको कारोबार भइरहन्छन् भने हरेक महिनाको १ पटक मासिक बैठक बस्ने गर्दछन्। बैठकमा समूहको मासिक हिसाब सुनाउने, नीति नियम आवश्यकता अनुसार फेर बदल गर्ने समूहमा आइपरेका अप्ठ्यारा कुराको छलफल गर्ने, समस्याका समाधान गर्ने, दुःख सुख आदान प्रदान गर्ने र आफ्नो व्यापार व्यवसायमा पेशामा आएका समस्या छलफल तथा समाधानको उपाय खोजी गर्ने गर्छन। मासिक बैठकमा नै विभिन्न ज्ञानबर्द्धक कक्षा संचालन गर्ने गरिन्छ। जस्तैः- स्वास्थ्य शिक्षा, संस्थागत विकास सम्बन्धि शिक्षा, बचत सम्बन्धि, शेयर सम्बन्धि शिक्षा इत्यादि। यसको साथै आय मूलक तालिम तथा स्वास्थ्य परिक्षण कार्यक्रम पनि संचालन गर्ने आदि। यस बचत समूहमा आवद्ध महिलाहरु हाल उहाँहरुको आर्थिक तथा सामाजिक परिर्वतन भएको महसुस गर्नु हुन्छ।





## जैविक कृषि तालिम

शहरी गरीबहरुको लागि समाज (सुप) को आयोजनामा कोर इन्टरनेशनलको सहयोगमा प्रदान गरिएको छुट्टाछुट्टै चार ठाउँको जैविक कृषि तालिमको सफलता पश्चात विभिन्न समुदायका कृषकहरुलाई सक्षम बनाउने तथा विषादी रहित तरकारी उत्पादन गर्ने उद्देश्य अनुरुप यसवर्ष २०७०/७१ मा थप ३ ठाउँमा चार महिने जैविक कृषि तथा एकिकृत मित्र जीव व्यवस्थापन तालिम जम्मा ८२ जना सहभागिहरुलाई प्रदान गरियो । उक्त तालिमको समापन समारोह जिल्ला विकास समिति, ललितपुर, कोर इन्टरनेशनल, जिल्ला कृषि, स्थानिय वडा कार्यालय तथा स्थानिय टोल सुधार समितिको उपस्थितिमा छुट्टाछुट्टै तीनवटा स्थानमा सफलताका साथ सम्पन्न गरियो ।

यस चार महिने जैविक कृषि तालिममा तालिम अवधिभर हप्ताको १ पटक करिब ५ घण्टा अनिवार्य उपस्थिति भै विउ राख्ने तरिकादेखि बाली नभित्रीएसम्मका क्रियाकलापहरुको जानकारीका साथै स्थानिय स्तरमा उपलब्ध हुने विभिन्न १८ जडिबुडीलाई गहुँतमा राखी घरेलु विषादी बनाउने तरिका, बोकासी मल, कम्पोष्ठ मल बनाउने तरिकादेखि लिएर शत्रु जिवलाई नास गराई मित्र जीवलाई कसरी व्यवस्थापन गरि वातावरण मैत्री कृषिबाली लगाउने जस्ता कुराहरुको विचारहरु आदान प्रदान गर्ने गरिएको थियो ।

जस अनुरुप लगाइएको बाली जस्तैः- गोलभेंडा, काक्रो, फर्सि, घिरौला, बोडी, तितेकरेला, भण्टा आदि छन् । उक्त बालीबाट विक्री गरि प्राप्त भएको रकम समुदायको विउ पूंजीको रुपमा जम्मा गर्ने र तालिम पश्चात समूह मिलेर कृषि व्यवसाय गर्ने सोच गरिएको छ । जस अनुरुप त्यहाँका महिलाहरुको आय आम्दानी वृद्धि हुनेछ । हालसम्म ७ वटा जैविक कृषि तालिम समापन भैसकेको छ उक्त तालिमबाट जम्मा २०० जना व्यक्ति लाभान्वित भएका छन् भने हाल उहाँहरुले व्यक्तिगत तथा समूहिक रुपमा कृषि गर्दै आउनु भएको छ जसबाट पहिलेको भन्दा बढि आयआम्दानि गर्न सफल हुनु भएको छ ।











## शहरी गरीबहरुको लागि समाज (सुप)

सानेपा, साँचल-२, ललितपुर

### आ.ब. ०७०।७१ को वासलात बिवरण

| पूजी तथा दायित्व | यस वर्ष | गत वर्ष | सम्पती | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|---|
| पूजी (सदस्यता कोष ) | ३४,२२०।०० | ३४,२२०।०० | अचल सम्पति | ४८,६९,७३३।८८ | ४७,७१,५६६।९८ |
| गत बर्षको अल्या | २९,०५,१७५।७६ | २९,८६,९२३।१४ | अन्य सम्पति | ३१,०००।०० | ४७,०००।०० |
| यस बर्षको | २,०९,३१६।८१ | (८१,७४७।३८) | नगद तथा बैक मौज्दात | १७,५२,४७३।७६ | १५,६३,२४८।६९ |
| ऋण तथा भुक्तानी बाँकी | ४२,५००।०० | ९२,५००।०० | पेश्की | | १५,०००।०० |
| भवन निर्माण कोष | ३४,६१,९९५।०७ | ३३,६५,०१९।९१ | | | |
| | ६६,५३,२०७।६४ | ६३,९६,९१५।६७ | | ६६,५३,२०७।६४ | ६३,९६,९१५।६७ |

| विद्यालक्ष्मी मानन्धर | श्रीकृष्ण महर्जन | पूर्ण बहादुर महर्जन | उकुलाल महर्जन |
|---|---|---|---|
| कार्यक्रम संयोजक | कोषाध्यक्ष | अध्यक्ष | लेखा परीक्षक |

# जागृत महिलाहरू

## कल्पना नेपाल, टौदह कीर्तिपुर



समुदायका कृषकहरुलाई सक्षम बनाउने तथा विषादी रहित तरकारी उत्पादन गर्ने उद्देश्य अनुरुप "सुप" संस्थाद्वारा नेपाल गाउँ टौदह, कीर्तिपुरका महिलाहरुलाई चार महिने जैविक कृषि तालिम प्रदान गरिएको थियो । जसमा नेपाल गाउँ, टौदह कीर्तिपुरकी कल्पना नेपालले आफ्नो जग्गामा पनि तालिममा जस्तै गरि गोलभेडा खेती गरि आफुले पहिलाको भन्दा बढि आम्दानी गर्न सफल भएको बताउनु हुन्छ ।

## सामूहिक खेती, क्वार



वि.सं. २०६९/७० सालमा "सुप" संस्थाद्वारा प्रदान गरिएको चार महिने जैविक कृषि तालिम पश्चात टौदह, च्युईगाउँका पाँचजना महिलाहरुले ५ रोपनी जग्गा प्रति रोपनी रु.७०००|- मा जग्गा भाडामा लिई रु. ३०,०००|- लगानी गरि सामुहिक रुपमा घरेलु विषादि प्रयोग गरि खेती गरेर उक्त बालीबाट उत्पादित विषादी रहित तरकारी उत्पादन तथा विक्रि गरि आफ्नो आय आम्दानी बढाउन र वातावरणलाई स्वच्छ बनाउन लागि परेका छन् ।

## लक्ष्मी पाण्डे



रामेछाप जिल्ला वेथान गा.वि.स. वडा नं.३ घर भई हाल टेकू वडा नं.१२ मयलबारिमा बसोबास गर्दै आएकी लक्ष्मी पाण्डे वि.सं.२०६३ सालमा गाउँबाट परिवार सहित काठमाडौं आए लगतै जागरण बचत तथा ऋण समूहमा आबद्ध भई समूहको अध्यक्ष समेत हुनुभएको थियो । उनी एक मेहनती, इमान्दारी र जागरुक महिला भएकै कारणबाट उनलाई वि.सं.२०६५ सालमा "सुप"द्वारा संचालित शिशु स्याहार केन्द्रमा नोकरी समेत दिइयो । उनले त्यहाँ करिब ६ वर्ष मेहनतका साथ काम गरिन् । हाल उनीले कति अरुको ठाउँमा मात्र काम गर्नु अव त मैले पनि आफै यस्तै शिशु स्याहार केन्द्र खोल्न सक्छु होला भनि वि.सं.२०७१ सालको जेष्ठ महिना देखि करिब रु.९२,०००|- लगानी गरि टेकू स्थित मयलबारिमा शिशु स्याहार खोलिन् । त्यस बखत पहिला जम्मा ३ जना बालबालिकाबाट शुरु भएको केन्द्रमा हाल २७ जना बालबालिकाहरु छन् भने उनले अरु ३ जनालाई रोजगारी दिन पनि सफल भएकी छिन् । यसरी उनी आफू जस्तै अरु आमाहरुलाई दिनभरि विना निश्चिन्त काम गर्न सकोस् भन्ने चाहनाका साथ विहानी ९ बजेदेखि ६ बजेसम्म बालबालिकाहरुसँगै रमाउँने गर्छिन् । उनी भन्छिन्- "हामी महिलाहरुले पुरुषहरुको मात्र भर पर्नु हुन्न, श्रीमान् श्रीमती भनेको रथका दुई पाङ्ग्रा हौं, दुई वटा पाङ्ग्रा नै राम्ररी गुड्नु पर्छ ।" भन्ने भनाई राख्नु हुन्छ । यसरी उनी आज एक उदारणीय महिला बन्न सफल भईन् भने "सुप"को सहयोग सदस्य समेत हुनु भएको छ ।

**२०७१ सालको शुभ-विजया दशमी, ने.सं. ११३५**

तथा

**शुभ दिपावली** को उपलक्ष्यमा

सम्पूर्ण "सुप" संस्थाका हितैषी, सहयोगी सदस्यहरू

तथा

विभिन्न संघ-संस्थाहरूमा

**हार्दिक मंगलमय शुभ-कामना ।**



शहरी गरीबहरूको लागि समाज "सुप" परिवार

## हार्दिक धन्यवाद "सुप" भवन निर्माणका सहयोगी .......

निर्माण कार्यमा तिव्रता आयो । प्रत्येक दिन निरन्तररूपमा "सुप" भवन निर्माणका लागि रकम प्राप्त भईरहँदा "सुप" सदस्यहरूको आकाक्षांले पनि बदलाप लियो १ तल्ला पूरा गर्ने सपनालाई साढे २ तल्ला पूरा गर्ने आशा पलायो र सोही अनुसार काम अगाडी बढ्यो र आजको "सुप भवन" निर्माण गर्ने सु-अवसर प्राप्त भयो । यस पुण्य काममा सहयोग गर्नु हुने सम्पूर्ण सदस्य महानुभावहरूमा "सुप" परिवार आभार प्रकट गर्दछ साथै "सुप"लाई निरन्तर सही मार्गमा हिडाई राख्न यहाँहरूको सल्लाह सुझावकोलागि आशा राख्दछ ।

शिलान्यास गरेको साल नै १०५ जना सदस्यहरूबाट जम्मा रु.११,३३,९६२।- प्राप्त भयो भने दोस्रो वर्षमा पनि सहयोग गर्ने काममा कमि भने भएन एवं रितले २२ औं जन्मउत्सव मनाउने बेलासम्म संस्था र व्यक्ति गरी १४७ जना सहयोगी सदस्यहरूबाट वि.सं.२०७१ भाद्र ५ गते सम्ममा रु.३४,७२,००६।- जम्मा भई भवन अहिलेको अवस्थामा पुऱ्याउन हामी सक्षम भएका छौं । एकजना व्यक्तिबाट "सुप"ले गरेको कामलाई मूल्यांकन गर्दै पुनः सहयोग दिनु "सुप"को लागि गौरबको कुरा हो । यहाँहरूको यस किसिमको सद्भाव साथै सहयोगबाट नै हामीले यस भवनलाई पूरा गर्न लागिपरेका छौं । थोरै समय ढिला भएपनि काम पूरा गर्ने संघारमा आज हामी पुगि सकेका छौं । अव थोरैमात्र काम बाँकी छ धेरै सम्पन्न भइसकेको अवस्था छ । सहयोग रकम ठूलो सानो जतिभएपनि यहाँहरूले "सुप" प्रति देखाउनु भएको न्यानोपना र आत्मीयता नै "सुप" सदस्यहरूको लागि ठूलो साहस बन्यो र योजना सफल भयो । निमार्ण तथा घर श्रृंगार कार्यका लागि वि.सं. २०७१ असारसम्म रु ३३,०३,४०५।- खर्च भइसकेको छ । अव भवन निर्माण कार्यको मुख्य काम सकिसकेको छ भने प्रमुख बाँकी कामको रूपमा सहयोगीदाताहरूको ताम्रापत्र राख्ने काम बाँकी रहेको छ । घर श्रृंगार र सजावटको काम विस्तारै अघि वढि रहेको र अहिले पनि फाटफुट सहयोगीदाताहरू प्राप्त भइरहनु हाम्रो लागि निकै उत्साहप्रद कुरा हो । अव शत प्रतिशत कार्य सम्पन्न गर्नु हाम्रो लागि सहज नै हुनेछ यसमा हामीलाई विश्वास छ ।

"सुप" भवनको कुरा गर्नु पर्दा यस वर्षबाट हामीले तालिम हल, श्रोत केन्द्रको शुरुवाट गरिसकेका छौं । जुन भवन निर्माणको मुख्य उद्देश्य पनि थियो । यी सबै काम सम्पन्न गर्नुमा तपाईहरूको सहयोगी हातहरू नै हाम्रा लागि मुख्य आधार हो । यही आधारबाट हामीले आज १२ वर्ष अघि सोचेको सपना सफल बनाउन सम्भव भएको हो । यस सपनालाई पूरा गर्न आर्थिक तथा जिन्सी सामान सहयोग गरी काम सम्पन्न गराउन हौसला प्रदान गर्ने र "सुप"ले गरेको कामलाई माया दिई सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी सदस्यहरूको उच्च कदर गर्दै "सुप" परिवार यहाँहरूमा हार्दिक कृतज्ञता प्रदान गर्दछ साथै भविष्यमा "सुप"ले गरिने काममा यस्तै किसिमको सहयोगको निरन्तरता भई नै रहने विश्वास लिई पुनः एक पटक मुरी मुरी धन्यवाद र सम्मान प्रकट गर्दछौं "सुप"का आत्मीय "सुप" सहयोगी सदस्यहरू र संस्थाहरूलाई !

धन्यवाद !

# हार्दिक श्रद्धाञ्जली



स्व. हरिमाया महर्जन
hGd @)!) df3 !) ut]
:j= @)&) c;fh !) ut
(सुप स. सविना महर्जनको आमा)



सुप सहयोगी सदस्य
स्व. कृष्णदेवी रंजित
hGd !((^
:j= @)&) c;fh !& ut
(भ.नि.स.स. – अनिल रंजितको आमा)



स्व. चैतमाया महर्जन
hGd !(() rh !@ ut]
:j= @)&) kf}if @) ut
(सं.स.स. सानुमैया महर्जनको आमा)



सुप सहयोगी सदस्य
स्व. पुष्पलक्ष्मी रंजित
hGd @)@* ;fpg % ut]
:j= @)&) kmfug ^ ut
(भ.नि.स.स. – अनिल रंजितको श्रीमती)



सुप सहयोगी सदस्य
स्व. सानुमैयाँ मानन्धर
hGd !((% ;fpg @& ut]
:j= @)&! a}zfv !& ut
(का. सं. – विद्यालक्ष्मी मानन्धरको आमा)

**दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।**

"सुप" परिवार

# कोषवृद्धि योजनामा खुत्रुके सहयोग



शहरी गरीवहरूको लागि समाज (सुप) ले आफ्नो स्थापनाकाल देखि नै नेपाली दिदीबहिनी र दाजुभाईहरूको सहयोगमा शहरी गरीव महिला तथा बालबालिकाहरूका लागि आर्थिक तथा सामाजिक सशक्तिकरणका कामहरू शहरका विभिन्न समुदायमा गर्दै आएको यहाँहरूको लागि नौलो भने होईन। हाम्रा “सुप” सहयोगी मित्रहरूको कारणले नै हामी आज यस अवस्थामा आई पुगेका छौ। यस संस्थाले गर्दै आएको कामलाई अझ प्रभावकारी र परिणाममुखी बनाउन यहाँहरूको साथ विना सम्भव पनि छैन। अतः समय-समयमा संस्थाले आफ्नो कोषबृद्धि योजनामा सहभागि बनाई कोषबृद्धि योजना सफल बनाउँदै आईरहेको छ। अहिलेसम्म ऐच्छिक रूपमा टिर्शट, कलम, अनुभूति युक्त खेलहरूको संगालोनामक किताब शुभ-कामना कार्ड, कपडाको झोला विक्री तथा नियमित रूपमा वार्षिक टेबुल क्यालेण्डर छपाई, होम स्टे, पुनः प्रयोगीय बस्तु संकलन तथा विक्री, स-शुल्क तालिम संचालन गरेरजम्मा भएको रकमबाट छात्रवृत्ति कार्यक्रम तथा अन्य “सुप”ले गर्दै आएका काममा निरन्तरता दिईरहेको छ। यस कार्यलाई निरन्तरता दिदै यस बर्ष “सुप”ले खुत्रुके सहयोग यहाँहरू समक्ष अघि सारेको छ। यस कार्यमा यहाँहरूले पनि साथ दिनुहुने नै छ भन्ने विश्वास हामीलाई छ।

गतवर्षदेखि नै “सुप” सदस्यहरूले खुत्रुके सहयोगमा सहभागि भई उपयुक्त ठानेपछि यस कार्यक्रमलाई यहाँहरू समक्ष पनि अघि सारेका छौं। यस सहयोग योजनामा सहभागि हुन चाहने महानुभावहरूले खुत्रुके संस्थाको तर्फबाट प्राप्त गर्न सक्नु हुन्छ। विशेष पर्वहरूमा आफुले सकेको खुद्रा वा ईच्छा अनुसारको पैसा खुत्रुकेमा हाली “सुप”ले गर्ने कार्यमा सहभागि बनौं। वास्तवमा कुनै काम अरुलाई अनुरोध गर्नु अघि आफैले अभ्यास गर्नु र अनुभव प्राप्त गर्नु राम्रो हो। यस योजनाबाट हामीलाई धेरै कुराहरू सिक्ने अवसर मिल्यो ती हुन् :

- सहयोग कार्यमा सहभागिहुनेहरूलाई आर्थिक भार भएको महशूस नै हुँदैन किनकी आफूसंग भएकोबेला मात्र खसाले हुने र यति समय भित्र नै खुत्रुके भर्नुपर्छ भन्ने नहुँदा श्रद्धा अनुसार जम्मा हुँदै जाने,
- १ वा २ रुपैयाँका सिक्काहरू अचेल घरका बच्चाहरूले पनि चासो राख्दैनन् जुन सबैले खुत्रुकेमा हाल्न थाल्यो र चालै नपाउने गरी खुद्रा पैसाहरूको संकलन तथा यसको सही सदुपयोग,
- विशेष पर्वहरू जस्तैः- अष्टमी, एकादशी, औंसी, जन्मदिन जस्ता पर्वहरूमा घरकामूलीहरूबाट दान पात्रको रूपमा पैसा खुत्रुकेमा खस्न थाल्यो र घरका सबै सदस्यहरू सहभागि पनि भए,
- घरका परिवारविच सामाजिक क्षेत्रमा पनि सहयोग गर्नुपर्छ भन्ने भावनामा वृद्धि हुन थालेको महशूस गरियो,
- घरमा आउने पाउनाहरूले पनि संस्थाको बारेमा चासो लिने गरेको र पहुनाबाट पनि खुत्रुकेमा सहयोग हुने गरेको आदि।

आउनुहोस्.... यस सरल र सहज पवित्र सहयोग कार्यमा सहभागि बनौ नेपालीहरूको सहयोग गर्ने खुल्ला दिलको परिचय दिऊँ।

## सहयोगी सदस्यहरूको फोटो परिचय


बद्री कुमारी श्रेष्ठ


ललिता थापा


ईषा श्रेष्ठ


उषा श्रेष्ठ


महिमा थापा


त्रिजन सिंह


इरिका यामाशिटा


मायु मोरिमोटो


मनिष पाण्डे


स्व. प्रेममान स्थापित


पायस क्षेत्री


प्रभाष कार्की

शहरी गरीबहरूको लागि समाज (सुप), सँचल-२, सानेपा, ललितपुर | फोन नं. ५५४५४६८ | Email : soup@ntc.net.np | पो.ब.नं. ७५०८